**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 5, Volume 5, Issue 1, April 2023
Published by Sotang Public Campus

# स्वास्नीमान्छे नाटकमा स्वैरकल्पना

**उषा आचार्य**

*Article History : Submitted 16 Jan. 2023; Reviewed 13 Feb. 2023; Accepted 25 March 2023*
*Author : Usha Acharya Email: acharyausha98@gmail.com*
*DOI: https://doi.org/10.3126/sotang.v5i1.65056*

**लेखसार**

*प्रस्तुत अध्ययनमा साहित्य समालोचनापद्धतिका प्रचलित अवधारणामध्ये स्वैरकल्पनालाई आधार बनाई बालकृष्ण समको स्वास्नीमान्छे नाटकमा प्रयुक्त स्वैरकल्पनाको निरूपण गरिएको छ । भेटान तोदोरोभ, रोजमेरी ज्याक्सन, मानलोभ, बोर्मनका स्वैरकल्पनासम्बन्धी अवधारणालाई आधार मानी विवेच्य कृतिको विश्लेषण गरिएको छ । यसका लागि पुस्तकालयीय अध्ययनका आधारमा सामग्री सङ्कलन गरी पाठविश्लेषण गरिएको छ । बालकृष्ण समको स्वास्नीमान्छे नाटकमा नारीराज्यको कल्पना गरी असम्भव क्रियाकलाप प्रस्तुत गरिएको छ । यस नाटकमा चोभारको गुफाबाट पसेको बालकृष्ण नयाँ नारीको राज्यमा पुग्छ जहाँ नारी पुरुषबिच कुनै विभेद देखिँदैन । त्यहाँका नारी आत्मनिर्भर भएको, घुम्न हिमालय पुगेको, आफ्नै देशमा प्रविधिको आविष्कार गरेको र विभेदयुक्त सोच भएका पुरुषबाट भाव परिवर्तन गराई नारी र पुरुषबिच समानता ल्याएको कल्पना नाटकमा गरिएको छ । राम्रो राज्यको कल्पना गरिए पनि पुरुषप्रधान सोच भएका व्यक्तिबाट त्यस कार्यलाई असफल बनाइएको र युद्धमा सबै नारी मारिएको, बालकृष्ण बचेर आफ्नै देश फर्किएका अतिकाल्पनिक घटना नाटकमा प्रस्तुत छन् । यस नाटकमा दुई घण्टाभित्र बालकृष्ण नयाँ राज्यमा पुगी कैयौँ दिन बिताएर फर्किएको घटनालाई अद्भुत रूपमा प्रस्तुत गरिएकाले नाटकमा प्रयुक्त स्वैरकल्पना स्वाभाविक बनेको निष्कर्ष यस अध्ययनको रहेको छ ।*

**शब्दकुञ्जी**

अतिकल्पना, अलौकिकता, कल्पनाशीलता, पुरुषप्रधानता, मातृसत्ता

## विषयपरिचय

बालकृष्ण समको *स्वास्नीमान्छे* नाटकमा प्रयुक्त स्वैरकल्पना प्रस्तुत शोधकार्यको मूल अनुसन्धेय विषय हो । *स्वास्नीमान्छे* नाटकमा स्वैरकल्पना शीर्षकमा *स्वास्नीमान्छे* नाटक र स्वैरकल्पना गरी दुई पदावली रहेका छन् । सामान्य रूपमा सहजै प्रेक्षकमा साधारणीकृत हुने नाटक र त्यसका विपरीत व्यङ्ग्यात्मक, अतिकल्पना, अतिशयोक्ति रूपमा आउने स्वैरकल्पना भिन्न वैशिष्यका देखिए पनि नाटकमा प्रयोग हुने स्वैरकल्पना यथार्थकै प्रतिबिम्बन भएकाले यी दुईबिच विशिष्ट सम्बन्ध रहेको देखिन्छ ।

नाटकमा स्वैरकल्पना एउटा महत्त्वपूर्ण पक्षका रूपमा देखिन्छ । नाटकमा विषय, विचार र शिल्पको संयोजनस्वरूप स्वैरकल्पनाको प्रयोग हुन्छ । यसमा काल्पनिक संसारको निर्माण गर्दै कल्पनाकै माध्यमबाट यथार्थको प्रकटीकरण हुन्छ । यथार्थलाई सोझो रूपमा चित्रण नगरी उच्च कल्पनाका माध्यमबाट असम्भव विषय, व्यङ्ग्यात्मक विचार, उडन्ते खालको संवाद, तथा उट्पट्याङ चरित्रका माध्यमबाट कपोकल्पित स्थानमा कार्यव्यापार सम्पन्न गर्नु स्वैरकल्पनामूलक नाटकको मूल वैशिष्ट्य हो । स्वैरकल्पना मनको कार्यव्यापार भएकाले यसको सम्बन्ध मनोविज्ञानसँग पनि हुन्छ ।

आधुनिक स्वैरकल्पनाले नाटकमा माध्यमिककालीन अतिरञ्जना, आदर्श, नीति, अविश्वास, पलायनजस्ता अर्थलाई त्यागी वर्तमानको विकृतिमाथि व्यङ्ग्य, भविष्यको कल्पना, वैज्ञानिक उन्नति आदि पक्षाको काल्पनिक अनुशीलन गरी तर्कका माध्यमबाट घटनालाई विश्वसनीय बनाउँछ । यसले अलौकिकलाई लौकिकतासँग जोड्ने र अमूर्तलाई मूर्त बनाउने काम गर्छ । यसका साथै स्वैरकल्पनाको प्रयोगबाट विसङ्गत जीवनको चित्रण र मानव अस्तित्वको धारणालाई अभिव्यक्त गरिन्छ । स्वैरकल्पना यथार्थ जगत्बाट विच्छेद नभई नौलो जगत्को निर्माणमा लाग्दछ । त्यसैले यसबाट अनेक सम्भाव्यताको उद्घाटन हुन्छ ।

विषय, चरित्र, परिवेश, शिल्पसँग निकट स्वैरकल्पना नेपाली नाट्य विधाको विषयगत भेदअन्तर्गत समेटिन्छ । यसमा मूलतः यथार्थमा सम्भव नहुने घटना, विचित्र खालका पात्र, अतिकाल्पनिक परिवेश, उडन्ते र विशृङ्खलित कुराकानी तथा उट्पट्याङ संवाद र कार्यकलापलाई आधार बनाइने हुँदा यसमा आउने घटना, चरित्र, परिवेश, संवाद विशिष्ट खालका हुन्छन् ।

बालकृष्ण समको *स्वास्नीमान्छे* नाटकमा मातृसत्ताको स्थापना, कलाको आधुनिक विकास, नयाँ र समतामूलक राज्यको स्थापना, पितृसत्तात्मक विचारधाराले निम्त्याउने विध्वंसजस्ता पक्षलाई स्वैरकल्पनात्मक रूपमा प्रस्तुत गरिएको छ । गुफाभित्र भिन्न राज्य हुनु, बाहिरी संसार र प्रमिलापुरी राज्यको समय फरक हुनु, उच्च भौतिक विकास हुनु, नारीराज्य हुनु र खराब मनोवृत्तिलाई भावपरिवर्तन पद्दतिबाट उपचार गर्ने, पुरुषको हैकमवादी विचारधाराका माध्यमबाट समुन्नत समाज पतन हुनुजस्ता स्वैरकल्पना नाटकमा प्रस्तुत छ । नाटकमा प्रयुक्त स्वैरकल्पना यथार्थमा सम्भव नभए पनि यथार्थभन्दा भिन्न छैन । अति कल्पनाका माध्यमबाट समाजमा देखिएको लैङ्गिक विभेद, अध्यात्म, ज्ञान, विज्ञानलाई प्रस्तुत गरिएको भए पनि यस नाटकको प्राज्ञिक अध्ययन भने हुन सकेको छैन । स्वैरकल्पना नाटक विश्लेषणको महत्त्वपूर्ण अवधारणा भएकाले यसका कोणबाट *स्वास्नीमान्छे* नाटकको विश्लेषण औचित्यपूर्ण छ । स्वैरकल्पनाअन्तर्गत समाज,

राजनीति, विज्ञान, अध्यात्मजस्ता पक्ष समेटिने भए पनि प्रस्तुत अध्ययनमा नाटकको प्रकृतिअनुसार पितृसत्तात्मक सोच, प्रभुत्व तथा विध्वंस, लैङ्गिक समानता र नयाँ सभ्यताको स्थापना, सामाजिक विकाससम्बन्धी अभिव्यञ्जित स्वैरकल्पनाको अध्ययन गरिएको छ ।

## अध्ययनको उद्देश्य

बालकृष्ण समको *स्वास्नीमान्छे* नाटकमा केकस्तो स्वैरकल्पनाको प्रयोग कसरी गरिएको छ भन्ने प्रस्तुत अध्ययनको मूल अनुसन्धेय प्रश्न हो र यही प्राज्ञिक समस्याको समाधान गर्नु अध्ययनको उद्देश्य रहेको छ । स्वैरकल्पनालाई साधन बनाई यथार्थको प्रतीकात्मक प्रकटीकरण, वर्तमानको चित्रण र भविष्यको कल्पना नाटकका माध्यमबाट केकसरी गरिएको छ भन्ने पक्षलाई अध्ययनको केन्द्र बनाई यस अध्ययनमा *स्वास्नीमान्छे* नाटकको विश्लेषण गरिएको छ ।

## अध्ययनको विधि तथा विश्लेषणको ढाँचा

प्रस्तुत अध्ययनसँग सम्बद्ध प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय कार्यबाट गरिएको छ । स्वैरकल्पनाको सघन प्रयोग भएको *स्वास्नीमान्छे* प्रस्तुत अध्ययनको प्राथमिक सामग्री हो । त्यस्तै स्वैरकल्पनासँग सम्बद्ध अध्ययन, लेख, रचनालाई अध्ययनको द्वितीयक सामग्रीका रूपमा लिइएको छ । *स्वास्नीमान्छे* नाटकमा स्वैरकल्पनासम्बन्धी प्राज्ञिक समस्याको समाधानका लागि ज्वेतान तोदोरोब, रोजमेरी ज्याक्सन, अर्नेस्ट जी बोर्मनका स्वैरकल्पनासम्बन्धी सिद्धान्तलाई पाठविश्लेषणको मूल आधार बनाइएको छ । यहाँ मूलतः सामाजिक र मनोवैज्ञानिक स्वैरकल्पनासम्बन्धी अवधारणालाई लिइएको छ । प्रस्तुत अध्ययनमा *स्वास्नीमान्छे* नाटकमा अभिव्यञ्जित स्वैरकल्पनालाई निम्नलिखित ढाँचामा विश्लेषण गरिएको छ :

(क) पितृसत्ताले निम्त्याएको विध्वंश : पुरुषप्रधान सोच र त्यसको बचावटका लागि गरिएका अद्‌भुत कार्य र विध्वंश

(ख) सामाजिक विकास र विनास : वर्तमान समाजमा अलौकिक परिवर्तन र त्यसको विस्फोटसम्बन्धी अतिकल्पना

(ग) नयाँ सभ्यताको स्थापना : पुरानो सभ्यताको अन्त्य, नवसंस्कृति निर्माणसम्बन्धी सोच र अलौकिक कार्य

प्रस्तुत अध्ययनमा माथिका ढाँचा अपनाई *स्वास्नीमान्छे* नाटकमा प्रयुक्त स्वैरकल्पनाको विश्लेषण गरिएको छ ।

## स्वैरकाल्पनिक नाटक विश्लेषणको सैद्धान्तिक आधार

मानसिक बिम्बबाट अभिव्यञ्जित हुने घटनाको प्रकटीकरण नै स्वैरकल्पना हो । स्वैरकल्पना भन्नासाथ हामी असम्भव, अतार्किक, अलौकिक, तथ्यहीन र केवल मनोरञ्जनपरक भन्ने बुझ्छौँ । यो

बुझाइ प्राचीन स्वैरकल्पनासँग सम्बन्धित छ तर आधुनिक स्वैरकल्पना अलौकिकताभित्र लौकिकताको प्रस्तुति, असम्भवमार्फत सम्भाव्य भविष्यको दृष्टि, तथ्यपरक र वर्तमान समाजमा व्याप्त विकृतिप्रति व्यङ्ग्य गरी सुधारको अपेक्षा राख्ने प्रयोजनसँग जोडिएको हुन्छ । स्वैरकल्पना कुनै वस्तु वा घटनाको काल्पनिक उपस्थिति भए पनि यसमा यथार्थको प्रकटीकरण हुन्छ ।

स्वैरकाल्पनिक साहित्यको रचना लोकपरम्परादेखि हुँदै आए पनि यसको व्यवस्थित अध्ययन गर्ने काम भेटान तोदोरोबको *द फेन्टास्टिक : अ स्टक्चरल अप्रोच टु अ लिटेररी जन्रा* भन्ने कृतिमार्फत भएको हो । तोदोरोबले स्वैरकल्पनालाई पाठकको लौकिक र अलौकिक संसार बिचको सन्देहका रूपमा लिएका छन् (तोदोरोब, सन् १९७३, पृ. २५) । तोदोरोबले स्वैरकल्पनामा सन्देह र भ्रमका माध्यमबाट यथार्थको प्रकटीकरण हुने कुरामा जोड दिएका छन् । उनले स्वैरकल्पनाका तीन प्रमुख कार्य उल्लेख गरेका छन् । (१) स्वैरकल्पनाले पाठकमा विशिष्ट किसिमको प्रभाव उत्पन्न गराउँछ, (२) स्वैरकल्पनाले रहस्यलाई व्यवस्थित बनाउँछ । (३) यसले स्वैरकाल्पनिक संसारको व्याख्यालाई अनुमति दिन्छ र भाषाबाहिर यसको वास्तविकता हुँदैन (तोदोरोब, सन् १९७३, पृ.९७) भनी तोदोरोबले स्वैरकल्पनालाई भाषिक संरचनाका रूपमा लिएका छन् । उनको अध्ययनमा पाठकीय प्रभाव र भाषिक संरचनालाई महत्त्व दिइए पनि कृतिको आलङ्कारिक सन्दर्भ, सांस्कृतिक र मनोवैज्ञानिक पक्षलाई उपेक्षा गरेको देखिन्छ ।

भेटान तोदोरोबका मान्यतामा देखिएका सबल पक्षलाई आत्मसात् गर्दै तोदोरोबको कार्य ऐतिहासिक महत्त्वको हुँदाहुँदै पनि सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक पक्ष उपेक्षित हुनु कमजोरी मानी रोजमेरी ज्याक्सनले स्वैरकल्पनालाई मार्क्सवादी र मनोवैज्ञानिक दृष्टिबाट व्याख्या गरेकी छन् । ज्याक्सनका अनुसार स्वैरकल्पनाले समय, स्थान र चरित्रको त्रिआयामिक एकत्वलाई स्वीकार गर्दैन, सजीव, निर्जीव, स्व, परजस्ता विभाजनलाई अस्वीकार गर्छ यद्यपि यो सामाजिक सांस्कृतिक सम्बन्धबाट विच्छेद हुँदैन । साहित्यिक पाठ पनि सामाजिक सांस्कृतिक संरचनाको उत्पादन हो । सामाजिक सांस्कृतिक सन्दर्भबाट भिन्न गराएर स्वैरकल्पनालाई बुझ्न सकिँदैन (ज्याक्सन, सन् २००९, पृ.१) । रोजमेरीले स्वैरकल्पनालाई सामाजिक, सांस्कृतिक सन्दर्भबाट विश्लेषण गरेकी छन् । उनले मार्क्सवादी दृष्टिबाट स्वैरकल्पनाको विश्लेषण गर्दै स्वैरकल्पनाले असम्भवलाई सम्भवमा अनुभूत गराउँछ, अदृश्यलाई दृश्य बनाउँछ, अनुपस्थितको खोजी गर्छ, आधुनिक स्वैरकल्पना मिथ, लोकसाहित्य, परीकथा, मनोरञ्जनसँग जोडिए पनि यसको सम्बन्ध पुँजीवादी अर्थतन्त्र तथा भौतिक संस्कृतिका मनोवैज्ञानिक पक्षसँग छ (ज्याक्सन, सन् २००९, पृ.२) भनेकी छन् । उनले स्वैरकल्पना समाज, संस्कृति र मनोविज्ञानभन्दा बाहिर नहुने तर्क राखेकी छन् । यसका साथै रोजमेरीले स्वैरकल्पना यथार्थ र तार्किकतासँग जोडिएको धारणा राखेकी छन् । रोजमेरीको अध्ययन भौतिक संस्कृति र मनोविज्ञानमा केन्द्रित देखिन्छ ।

स्वैरकल्पनाको अध्ययनका क्षेत्रमा मानलोभको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । मानलोभले अद्‌भुततालाई स्वैरकल्पनाको केन्द्रीय तत्त्व मानेका छन् । उनले स्वैरकल्पनामा सिर्जित आश्चर्य, अलौकिक असम्भाव्यताबाट लिइन्छ, यसमा रहेको रहस्यलाई तथ्यगत व्याख्याबाट पुष्टि गर्न प्राय असम्भव हुन्छ भनेका छन् (मानलोभ, सन् १९७५, पृ.७) । मानलोभले स्वैरकल्पनालाई प्राचीनतासँग जोडेका छन् । तथापि उनको

तथ्यात्मकतासम्बन्धी धारणा आधुनिक स्वैरकल्पनाको नजिक देखिन्छ । त्यस्तै स्वैरकल्पनाको सारलाई बोर्मनले प्रस्तुत गर्दै यसलाई अभिव्यक्तिकलासँग जोडेका छन् । उनले घटनाको रचनात्मक र काल्पनिक व्याख्या नै स्वैरकल्पना हो (बोर्मन, सन् २००१ पृ.५) भन्ने विचार राखेका छन् । यसरी स्वैरकल्पना भन्नाले वर्तमानको यथार्थलाई अलौकिक, असम्भाव्य, अयथार्थ र काल्पनिक रूपमा वर्णन गरिएको घटना भन्ने बुझिन्छ ।

स्वैरकल्पनासम्बन्धी उल्लिखित विचार र अवधारणाका आधारमा स्वैरकल्पनामूलक नाटकको विश्लेषण गर्न सकिन्छ । माथिका धारणा एक्लै कुनै पूर्ण देखिँदैन तथापि तार्किकता, प्रतीकात्मकता, सामाजिक, सांस्कृतिक, वैज्ञानिक पक्षाको प्रस्तुतिलाई सबैले स्वीकार गरेका छन् । त्यसैले प्रस्तुत अध्ययनमा बालकृष्ण समको *स्वास्नीमान्छे* नाटकमा अभिव्यञ्जित पितृसत्तात्मक मनोविज्ञान, लैङ्गिक समानता, उच्चाधुनिक विकास र नयाँ सभ्यताको स्थापनासम्बन्धी स्वैरकल्पनालाई नाटक विश्लेषणको आधार बनाइएको छ ।

### ***स्वास्नीमान्छे* नाटकमा प्रयुक्त स्वैरकल्पना :**

बालकृष्ण समकृत *स्वास्नीमान्छे* नाटकमा समाजको विकास र पतन, नयाँ र उच्च आधुनिक सभ्यताको निर्माण, पितृसत्तात्मक मनोविज्ञान र लैङ्गिक समानतालाई स्वैरकल्पनामूलक कथानकमार्फत प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनमा पितृसत्तात्मक मनोविज्ञान, लैङ्गिक समानता, उच्चाधुनिक विकास र नयाँ सभ्यताको स्थापनाका कोणबाट यस नाटकको विश्लेषण गरिएको छ ।

### **पितृसत्तात्मक मनोविज्ञानले निम्त्याएको विध्वंश :**

पितृसत्तात्मक सोच भएका मानिस आधुनिक समाज निर्माण भए पनि आफ्नो चरित्र परिवर्तन गर्न नसक्ने र प्रभुत्व कायम राख्न समुन्नत समाज पनि  ध्वंस पार्ने मनोविज्ञानलाई *स्वास्नीमान्छे* नाटकमा स्वैरकल्पनामूलक कथावस्तुका माध्यमबाट प्रस्तुत गरिएको छ । पुरुषले मन पराएकी युवतीलाई उसको इच्छाविपरीत भए पनि पाउन चाहने पुरुषको हैकमवादी प्रवृत्ति नाटकमा देवनन्दनका माध्यमबाट यसरी प्रकट भएको छ  :

बालकृष्ण : तपाईँ देवनन्दनलाई चाहनुहुन्छ ?

छाया : चाहन्नँ ।

बालकृष्ण : त फेरि ?

छाया : उ मलाई चाहन्छ रे, अनि हरेर लैजाने रे

बालकृष्ण : धीराधाको राज्यमा ?

छाया : यी पशुहरू अझै पनि जबर्जस्ती चाहन्छन् । प्रेम चाहँदैनन् । जति शिक्षाले पनि प्रकृतिको परिवर्तन हुँदो रहेनछ । त्यसैले त हाम्रा वैज्ञानिकहरू आजकल मस्तिष्कै खोतल्न लागिरहेछन्, ऋषिका ऋताले बिनाचिरफार स्वभाव परिवर्तन गर्ने उद्योग छोडिदिनुभयो । आजकल दुबै मिलेर काम गर्न लाग्नुभएको छ  (पृ.८८) ।

यहाँ छायाले देवनन्दनलाई मन नपराउने तर देवनन्दनले छायालाई मन पराएकाले हरेर भए पनि लैजाने अभिव्यक्ति प्रस्तुत छ । नारीको राज्यमा पनि नारी स्वतन्त्र हुन नसकेको, पुरुषको प्रभुत्व कायम रहेको विचार छायाका माध्यमबाट प्रकट छ । समाज परिवर्तन भई नारी सत्तामा पुगे पनि पुरुषले नारीमाथि अत्याचार गर्न नछोडेको, प्रेम भन्दा पनि जबर्जस्ती चाहेको, जति शिक्षा दिए पनि प्रवृत्तिलाई परिवर्तन गर्न नसकिएका कारण स्वभाव परिवर्तन गर्ने उद्योगसमेत बन्द गर्नुपरेको, मस्तिष्क खोतल्न सक्ने वैज्ञानिकहरू र भाव परिवर्तन गर्न सक्ने ऋता मिलेर काम गर्न लागेको स्वैरकल्पनमार्फत पितृसत्तात्मक मनोविज्ञान भएका व्यक्तिले आफ्नो प्रभुत्व जमाइरहन चाहने र आफ्नो हैकम देखाउन नारीलाई शोषण गर्ने प्रवृत्तिलाई देखाउन खोजिएको छ ।

पुरुषको एकत्वपूर्ण हैकम र नारीलाई वस्तु ठान्ने मनोवृत्तिलाई प्रस्तुत नाटकमा देखाइएको छ । नारी सधैँ पुरुषको अधीनमा बस्नुपर्ने, आफ्नो हक र स्वतन्त्रताको कुरा गर्दा बौलाएको ठान्ने साथै धार्मिक कथामा पनि पुरुषले नारीलाई हर्नु पुरुषार्थ ठानिएको र सोही कथालाई आधार बनाई आज पनि पुरुष जातिले नारी जातिमाथि पुरुषार्थ देखाउँदै आएको स्वैरकल्पना नाटकमा यसरी प्रस्तुत छ :

आस्फोता : छाया स्वतन्त्र छ

देवनन्दन : उ मेरी भइसकेकी छ

आस्फोता : उसो भए तपाईँलाई नै नरकबराबर घृणा गर्छु भनेर हिँड्ने उ बौलाही रहिछ ।

देवनन्दन : अवस्य बौलाही हो, तपाईँहरूले मसित विवाह हुन दिनुभएन, त्यसको विरहमा उ बौलाही, अनि मलाईसमेत घृणा गर्न थाली .... छाया मेरी छाया मेरी प्रियतमा मेरी स्वास्नी छाया छायालाई म नलिई छाड्दिन । ... छायालाई म हरेर लान्छु, छायालाई मबाट खोस्ने हक छायाको पनि छैन । हाम्रा वीर पुरुषहरूले उहिले कसरी अवला हरण गर्थे म देखाउँछु । भीष्म, कृष्ण, अर्जुनहरूले कसरी हरण गरे हरण पुरुषको धर्म हो पुरुषार्थ हो ।

धीराधा : खोइ चिकित्सागृहमा लैजाओ, थुनिराख्नू ।

देवनन्दन : खबरदार मेरो मस्तकमा चिरफारको हतियार नलागोस्, मस्तिष्कबाट वीरत्व झिक्ने, भुनीत्व उही रहन दिने यो नयाँ अनुभव ममाथि हुन थाल्यो भने प्रमिलापुरी भष्म हुनेछ । तमोगुणी पशुपतिनाथ यो सहनुहुनेछैन । धीराधा भस्मासुरको अवस्था होला । स्त्री । मलाई पुरुषै रहन देऊ । ईर्ष्या छोड । मेरो पुंसत्व नाश नहोस् । पाप (पृ.१०८-१०९) ।

यहाँ नारीलाई स्वतन्त्र नठानी आफ्नो अधीनमा रहेको नारीवादीहरूले नारी स्वतन्त्रताको कुरा गरेर पुरुषको हैकम चल्न नदिएको विचार देवनन्दनका माध्यमबाट प्रकट भएको छ । छायालाई खोस्ने अधिकार स्वयम् छायालाई पनि छैन भन्दै देवनन्दनले नारीलाई आफ्नो शरीरमाथि समेत अधिकार नरहेको विचार प्रस्तुत गरेको छ । इतिहासमा पुरुषले अवला नारीलाई हरण गरेर वीर कहलिएको साथै भीष्म, कृष्ण, अर्जुनले पनि नारी हरण गरेर पुरुषर्थ देखाएको साथै आजका पुरुषले पनि नारीलाई अधीनस्थ बनाउनुलाई पुरुषार्थ ठानेको भाव माथिको नाट्यांशमा आएको छ । पुरुषको यस्तो हैकमवादी र औपनिवेशिक विचार

परिवर्तन गर्न स्थापना भएको प्रमिलापुरी र त्यहाँका चिकित्सकले भाव परिवर्तन गर्न लाग्दा आफूलाई पुरुष रहन नदिए राज्य नै ध्वस्त हुने धम्की देवनन्दनले दिएको छ । स्वभाव परिवर्तन पद्धतिजस्तो स्वैरकल्पनामूलक कथावस्तुका माध्यमबाट माथिको नाट्यांशमा नारीको स्वतन्त्रतामुखी मनोविज्ञान र पुरुषको प्रभुत्वशाली मनोविज्ञानलाई देखाउन खोजिएको छ ।

प्रस्तुत नाटकमा समानताको भाव विकास गरी विभेदको अन्त्य गराउन शल्यक्रिया गर्ने नारीको गतिशील मनोविज्ञान र त्यसमा आपत्ति जनाई आफू जस्तो छ त्यस्तै छोडिदिने पुरुषको यथास्थितिवादी मनोविज्ञान प्रकट भएको छ । जस्तै :

प्रफुल्ल : कादम्बिनी अझ देवनन्दनको टाउकोमा हात हाल्ने सुर छ ?

कादम्बिनी : छ तर कुनै नीच भावनाले हैन, सदुद्देश्यले ।

प्रफुल्ल : सदुद्देश्य फरियाको फेटा गुथिदिने उद्देश्य ?

कादम्बिनी : दया मायाको फेटा गुथ्ने ।

प्रफुल्ल : दयावती अबला स्त्री बनाउने होइन के ?

कादम्बिनी : जसरी हुन्छ योग्य बनाउने ।

प्रफुल्ल : कस्तो योग्यता ?

कादम्बिनी : पशुजस्तो क्रोधी बनेर अरूलाई टोक्न जाइलाग्ने होइन, योग्य मान्छेजस्तो शान्त भएर अरूको घात सहन सक्ने योग्यता । जङ्गी बौलट्ठीपनालाई निभाइदिने चिकित्सा ।

प्रफुल्ल : यस्तै शल्यचिकित्सा कि ?

कादम्बिनी : हो शल्यचिकित्सा । कामवासना चढेको लोभ र मोह त्यो नपाउनाले बढेको क्रोध अनि पाशविक बल र ईर्ष्याले उचालिएका मद मात्सर्यलाई चिरेर खुर्केर सफासित फालिदिने शल्यचिकित्सा ।

प्रफुल्ल : त्यो गऱ्यौ भने तिम्रो ज्यान गयो नि सम्झ । (पृ.१३८)

यहाँ पितृसत्तात्मक सोच भएका र नारीलाई अधीनस्थ बनाउन खोज्ने पुरुषलाई शल्यचिकित्साका माध्यमबाट भाव परिवर्तन गर्ने काम कादम्बिनीले गरेकी छ भने त्यसमा प्रफुल्लले आपत्ति जनाएको छ । पुरुषमा रहेको जङ्गी, क्रोध, अरूलाई हानी गर्ने प्रवृत्ति, कामवासना, लोभ, मोह, पाशविक प्रवृत्ति, ईर्ष्या, मद, मात्सर्य जस्ता प्रवृत्तिको अन्त्य गरी शान्त र योग्य मानिस बनाउने कुरा गर्दा प्रफुल्लले त्यसो गरेमा ज्यान जाला भन्ने धम्की दिएको देखिन्छ । यसरी यस संवादमा नारीले समानताका लागि अभ्यास गरे पनि पुरुष परिवर्तन हुन नचाहेको र पुरुषलाई सच्याउन खोज्दा नारीले ज्यान गुमाउनुपर्ने अवस्थासमेत आउन सक्ने भाव प्रकट भएको छ । यसबाट महिलालाई अधीनस्थ ठान्ने पुरुषको कामुक र हिंस्रक मनोवृत्तिलाई देखाउन खोजिएको छ ।

धार्मिक, पौराणिक कालदेखि पुरुषमा कामादि गुण र पुरुषत्व रहेकाले अहिलेको युगमा त्यसलाई परिवर्तन गर्न खोज्नु गलत भएको साथै ईश्वरको लीलामा बाधा बनाउने अधिकार नारीको नरहेको भाव नाटकमा शितकण्ठका माध्यमबाट प्रकट भएको छ । जस्तै :

शितकण्ठ : परमेश्वरभन्दा जान्ने हुन खोज्ने ७७ सत्ययुगदेखि चलिआएको सङ्ग्राम यी बन्द गर्ने रे ७७ कामादि गुण मनुष्य स्वभावै हो, जगन्नाटकका सूत्रधारको लीला नै यही हो, संसार नै यही हो । जन्म निरोधको नाममा भ्रुणहत्याजस्तो पाप गरेर जनसङ्ख्यालाई यिनीहरू जथाभाबी बढ्न नदिने रे ७७ जुन परमेश्वरले जन्म दियो उ खान दिओइन ७७ पृथिवीभर मानिस घासजस्तै टम्म भए पनि यिनलाई के चासो ? के ईश्वर अर्को पृथिवी बनाउन सकोइनन् ? ईश्वर जे गर्छन् सब न्यायसङ्गत गर्छन्, फेरि यी उनको स्थिति उलटपुलट गर्ने रे ! यी सद्दे हामी बौलाहा ! यी जान्ने हामी नजान्ने ! यी पोथी कुखुरीको बसाइमा हाम्रो सिंहगर्जन डुब्ने !

सब : क्रान्ति ! क्रान्तिको जय ! परमेश्वरको जय ! मायाको क्षय !

शितकण्ठ : वीर हो ! तिमीहरू नर हौ ! अकमक्क परेर ठाउँको ठाउँ उभिइरहेर नरतरु नबन ! झुकेको गर्धनले सधैँ यताउति चरिरहेर नरपशु नबन ! नरब्याध्र बन ! नरसिंह बन ! भगवान्को वाक्य सम्झ र लड (पृ. १३८) ।

यहाँ सत्ययुगदेखि नै पुरुषमा कामादि गुण रहेकाले त्यसलाई क्षय गर्न नहुने साथै नारीले कामवासनाको भाव हटाई मायाको भाव हालिदिन खोज्नुलाई ईश्वरभन्दा जान्ने भएको अभिव्यक्ति शितकण्ठले दिएको छ । पुरुषहरू वीर भएकाले आफ्नो शिर नझुकाउन र आफ्नो प्रभुत्व कायम राख्न लड्नुपर्ने विचार यहाँ प्रकट गरिएको छ । यहाँ शितकण्ठका माध्यमबाट पितृसत्तात्मक सोच भएका पुरुषले आफूलाई ईश्वरसमान ठान्ने तथा आफू ईश्वर हुँ भन्ने अहम मनोविज्ञान प्रकट भएको छ ।

**लैङ्गिक समानता र सहअस्तित्व :**

प्रस्तुत नाटकमा पितृसत्तात्मक मनोवृत्तिप्रति विद्रोही भाव प्रकट गर्दै लैङ्गिक समानता स्वैरकल्पना प्रस्तुत गरिएको छ । प्रमिलापुरी राज्य स्थापना गरी त्यहाँको राज्य सञ्चालनको जिम्मा नारीलाई दिइएको छ । त्यहाँका नारीहरू स्वतन्त्र र सक्षम देखिन्छन् । स्वास्नीमानिस नै डाक्टर, कलाकार, वैज्ञानिक छन् । साथै जसको मनमा लैङ्गिक विभेदको भाव आउँछ त्यसलाई उपचार गरी भाव परिवर्तन गर्नेजस्ता स्वैरकल्पना नाटकमा प्रस्तुत छ । धीराधाको "चाहे तनको तन्त्रले होस्, चाहे मनको मन्त्रले, चाहे यानको यन्त्रले, चाहे जनको जन्त्रले जेले होस् भावपरिवर्तन गर्नैपर्छ, हुनैपर्छ नत्र यतिका पसीना समुद्र मन्थनको निष्प्रयोजन हुनेछ यी कला अलङ्कृत नगरी सब मरु मन्दिर, यी ज्ञानभण्डार पुस्तकालय सब निरर्थक, हाम्रो जन्मै जम्मै व्यर्थ हुनेछ, त्यसैले गुणपरिवर्तन हुनैपर्छ (पृ.३६)" भन्ने भनाइमा जसरी पनि पुरुषत्व र नारीलाई शोषण, विभेद गर्ने, काम वासनामा लिप्त हुनेजस्ता भाव परिवर्तन हुनुपर्ने नत्र सबै ज्ञान र परिश्रम निष्प्रयोजन हुने विचार प्रकट छ ।

परिवर्तनको सुरुआत महाभारतकालीन समयमा नै कृष्णले गर्न चाहेको तर भावपरिवर्तन गर्न नसकेकाले युद्ध भएको हुँदा अब त्यस्तो स्थिति नआओस्, समाज अग्रगतितर्फ लागोस् भन्ने विचार प्रस्तुत नाटकमा आएको छ । धीराधाले "हो कृष्णले भावपरिवर्तन गर्न सकेनन् त्यसैले महाभारत युद्ध भयो, त्यसैले भारत पछिल्तिर धकेलियो । त्यसैले त्यो हामीले सक्नुपऱ्यो, अब रावणहरू सीता आफैँ फर्काऊन्, दुर्योधनहरू रण बन्द गरेर सारालाई भाइ अंश दिऊन् तमोगुण हिंस्रक पशुको रजोगुण गाई र कुकुरहरूको माग लागोस्, मानिसमात्र सत्त्वगुणी बनून् ८४ (पृ.३७)" भन्दै महाभारत युद्धको प्रमुख कारण मानिसभित्र रहेको रजो, तमोगुणका कारण हो र त्यस्तो गुण पशुवत् हुने हुँदा मानिसबाट हटाई सत्वगुण भरिदिने विचार प्रकट गरेकी छ । अबदेखि रावणजस्ता पात्रले सीताको हरण नगरून्, दुर्योधनप्रवृत्ति हटी युद्ध बन्द होस् र माया सद्भाव बढी शान्ति स्थापना होस् भन्ने विचार धीराधाको भनाइमा पाइन्छ ।

प्रस्तुत नाटकमा दासत्व, देवत्व केही पनि नरही समता कायम होस् भन्ने विचार प्रकट गरिएको छ । शेफालिकाको " दासबुद्धि हामी चाहँदैनौँ, याज्ञवल्क्य वा मनुको जस्तो प्रभुबुद्धि पनि हामी चाहँदैनौँ । त्यो सब हटाउन चाहन्छौँ (पृ.५३)" भन्ने भनाइमा प्रमिलापुरी राज्यमा दासबुद्धि पनि नचाहेको र प्रभुबुद्धि पनि नचाहेको बरु ती सबै हटाई माया, सद्भाव, समानताको भाव उजागर गर्न खोजेको भाव देखिन्छ । धार्मिक बनेका नेताहरू सैन्यमा श्रीमतीलाई भर्ना गर्न चाहने र त्यही आडमा सतीप्रथा चलाएर नारीको शोषण गरेको भाव नाटकमा प्रकट भएको छ । जस्तैः

> धार्मिक नेताहरू आफ्नो सैन्यमा स्वास्नीमानिस नै भर्ना गर्न चाहन्छन् । यही आडमा लोग्नेमानिसले सतीप्रथा चलाएर कैयन प्रतिभालाई आगोमा हाल्दै आफ्नो कपटी बाटो सुगम बनाए । मीराबाईको सङ्ख्या बढाएर तन मन धन र सर्वस्व लुट्ने प्रथा यत्रतत्र छँदै छ । तर त्यही दुरुपयोग भइरहेको विश्वास शक्तिको सदुपयोग पनि हुन सक्छ । जब स्वास्नीमान्छेको अन्धविश्वासका आँखा उघ्रन्छन् अनि लोग्नेमानिसलाई स्वार्थी, काल्पनिक, पाशविक व्यवहारबाट उतारेर सत्मार्गतिर लैजाने पनि तिनै हुन्छन् । पृथिवी भर्खर दश वर्षकी भइन्, भविष्य उज्ज्वल छ । (पृ. १३४)

यहाँ कादम्बिनीका माध्यमबाट इतिहासमा पुरुषहरू आफ्नो पक्षमा नारीको प्रयोग गर्दै आएको, सतीलगायतका विभिन्न प्रथाका नाममा नारीका प्रतिभा लुटेको भाव प्रकट गरिएको छ । समाजमा अन्धविश्वास बढाएर नारीबाट नारीमाथि शोषण गरिएको र नारीको सर्वस्व लुटिएको भन्दै स्वास्नीमानिसको अन्धविश्वासको आँखा खुलेमा लोग्नेमानिसलाई पाशविकताबाट सत्मार्गतिर लाने काम पनि नारीले नै गर्छन् र त्यो सम्भव छ भन्ने विचार माथिको नाट्यांशमा आएको छ । कादम्बिनीले उपचार विधिका माध्यमबाट पुरुषमा निहित पशुवत् व्यवहार परिवर्तन गर्ने प्रयत्न गरेको देखिन्छ । उसले वैज्ञानिक शल्यचिकित्सामार्फत यसो गर्न लागेको कुरा तलको भनाइबाट बुझिन्छः

> हाम्रो मस्तक यस्तो छ । यहाँ कान, सुन्ने ठाउँ दायाँको बायाँपट्टि यहाँ छ, बायाँको दायाँ, यहाँ नाकको पछिल्तिरै स्वाद र बास्ना अङ्कित हुन्छ, यसमा आँखाको दूरबीन छ तर यसको छाया परेर तस्वीर उत्रने ठाउँ यहाँ सबभन्दा पछिल्तिर भित्तामा छ, फेरि ती तस्वीर शब्द इत्यादिका

सङ्ग्रहालयमाथि यस ठाउँ स्मृति विभागमा छ जहाँसम्मको रौँ खुइलेमा मनिस खल्वाट ठहरिन्छ । ठिक यसको मन्तिर आँखाको जोर्नी पछिल्तिर केन्द्रीय कोठामा इच्छाशक्तिमान् प्रधान मन रहने आज्ञाविभाग छ ....। जुन आत्मा कार्बन अक्सिजन र हाइड्रोजनले बनेको छ, त्यसमा बनिसकेको कार्बोहाइड्रेडलाई छुट्याई हाइड्रोजनको तीन चार परमाणुसम्मलाई अक्सिजनसित मिलाएर पानी बनाई कार्बनको त्यति अंशलाई खाली पारी स्वार र बास्नाविभागको मस्तिष्कमा परिणत गरी गिराएको पक्षमा मानिसको स्वभाव विशेष सात्त्वकी हुन्छ । अहिले मैले त्यही गरेर देखाउनु छ (पृ. १५१) ।

यहाँ मानिसभित्र अनेक ग्याँस हुने र तीमध्ये केहीले व्यक्तिलाई ध्वंसक, कामुक, हिंस्रक, बहुलठ्ठी बनाउँछन् त्यसैले त्यस्तो ग्याँसको ठाउँ खाली पारी मानिसको स्वभाव परिवर्तन गर्ने विचार प्रकट गरिएको छ ।

यसका साथै नारीको स्वाभलम्बीपन र मिहिनेतबाट उच्चाधुनिक राज्यको निर्माण भएको देखाइएको प्रमिलापुरी राज्यमा सबै महिला आत्मनिर्भर छन् भने नारी स्वतन्त्रता पहिलो अधिकार मानिएको छ । प्रमिलापुरी राज्यको नाम महिलाको नामबाट राखिएको छ भने त्यहाँको राज्य सञ्चालन पनि नारीबाटै गरिएको छ । पितृसत्तालाई बढावा दिने र नारीशोषण नै पुरुषत्व हो भन्ने विचार भएका पुरुषबाट सुन्दर र समुन्नत राज्य पनि ध्वस्त बन्छ भन्ने विचारलाई देवनन्दन, प्रफुल्ल, शितकण्ठजस्ता पात्रले प्रमिलापुरी राज्यमाथि आक्रमण गरी सबैलाई मारेको घटनामार्फत देखाइएको छ । यहाँ विशेषत: नारी र पुरुषका आआफ्नै प्राकृतिक गुण हुन्छन्, समुन्नत र समतामूलक समाज निर्माणका लागि समानताको व्यवहार र समन्वयवादी भाव आवश्यक छ भन्ने विचारलाई प्रस्तुत गर्नका लागि स्वैरकल्पनाको प्रयोग गरिएको देखिन्छ ।

**उच्चाधुनिक विकास र नयाँ सभ्यताको स्थापना :**

प्रस्तुत *स्वास्नीमान्छे* नाटकमा नारीराज्यको उच्चाधुनिक विकाससम्बन्धी स्वैरकल्पनाका माध्यमबाट नयाँ सभ्यताको स्थापनालाई देखाइएको छ । प्रमिलापुरी राज्य निकै विकसित छ । यहाँ भौतिक विकासका साथै कलाकारिता र साहित्यमा पनि निकै विकास भएको देखाइएको छ । एउटा गुफाभित्र राज्य स्थापित हुनु र त्यहाँ पनि वैज्ञानिक विकास हुनुजस्ता स्वैरकाल्पनिक पक्ष यहाँ छन् । जस्तै :

वनभँक्रिनी : त्यो प्रमिलापुरी जाने बाटो । जब वाष्पयान त्यहाँ आइपुग्छ भा भन्न आउँछिन् हामीलाई अनि हाम्रो यात्रा शुरु हुन्छ ।

बालकृष्ण : अचम्म यो गुफाभित्र वाष्पयान दगुर्छ ৳ (पृ. १७)

यहाँ वनभक्रिनीसँग प्रमिलापुरी हिँडेको बालकृष्ण गुफाभित्र पसेको छ र त्यहाँ वाष्पयान सञ्चालित भएको कुराले अचम्ममा परेको छ । यसरी गुफाभित्र वाष्पयान चल्नु र त्यही यानमा चढेर प्रमिलापुरी जानुजस्ता स्वैरकल्पना यहाँ प्रकट छ । यसका साथै त्यहाँको बाटो पनि विकसित भएको र प्राय: सबै सडक रबरबाट बनेको विचार पनि नाटकमा आएको छ । बालकृष्ण प्रमिलापुरी घुमेर फर्किने समयमा सबैले केही न केही उपहार दिएका छन् । ती उपहार पनि आधुनिक विकाससँग सम्बद्ध छन् । जस्तै :

विष्वक्सेन : यो पनि एउटा अनौठो वस्तु छ, तेलहरू केही चाहिँदैन, इ त्यसै आगो बल्छ ।

बालकृष्ण : अचम्म ।

विष्वक्सेन : यो मेरो उपहार ।

काञ्चनप्रभा : यो मेरो सधैँ गुलाफको वास आउने नकली गुलाफ । यो अत्तर नेपाली वसन्त, यो फाहा वंशलोचनको धूलोको ।

ईली : यो मेरो उपहार स्वीकार होस् । हिउँको पहाड चढ्दा काम लाग्छ । यो टाँक बन्द गर्नेबित्तिकै भित्री मनतातो भएर तात्छ ।

अनल : यो चाहिँ मेरो उपहार स्वीकार गर्नोस् यसबाट ज्वरको तापक्रम पनि नाप्न सकिन्छ, रक्तचाप पनि, वातावरणको तापक्रम पनि दूधपानीहरूको मिसावट पनि, स्थानको उचाइ पनि, इ अहिले हामी बसेको ठाउँ समुद्रको सतहबाट तीन हजार चार सय बाउन्न हात अग्लो छ ।

बालकृष्ण : ओहो यो यन्त्र कहाँ बनेको ? जर्मनीमा होला ।

महदम्बिका : होइन, यी सब यहीँ कार्यालयहरूमा बनेका । किन र के पृथिवीमा यस्तो ठाउँ कुनै छ जहाँ बनेको माल अन्त बन्दैन ? अफ्रिकाको मध्य गर्मीको बीचमा हिउँ बन्न सक्छ, हिमालयको चुचुरोमा आगो बाल्न सकिन्छ । यहाँ का स्थानीय मनुष्यजातिलाई नपत्याउनुभएको होला । संसारमा यस्तो मनुष्यजाति कुनै छैन जसलाई आजसम्ममा जुनसुकै मनुष्यजातिले सम्झेको मनोविज्ञान, अध्यात्मवाद, भौतिकवाद, अर्थशास्त्र वा कुनै शास्त्र बुझाउन नसकियोस् । .... जर्मनीमा त्यस्तो केही छैन, जुन नेपालीमा नहोस् (पृ. १०१-१०२) ।

यहाँ विष्वक्सेनले तेल नहाली बल्ने अनौठो वस्तु उपहारस्वरूप दिएको छ । काञ्चनप्रभा वासना आउने नक्कली फूल दिन्छे भने ईलीले टाँक बन्द गर्नासाथ भित्री मनतातो हुने र हिउँको पहाड चढ्दा काम लाग्ने कपडा दिन्छे । अनलले ज्वरको तापक्रम, रक्तचाप, वातावरणको तापक्रम, दुधपानीको मिसावट, स्थानको उचाइ नाप्न सकिने यन्त्र बालकृष्णलाई दिएको छ । यी सबै सामान आफ्नै कार्यालयमा बनेको कुरा महदम्बिकाले बताएकी छ । उसले पृथ्वीको जुनसुकै ठाउँमा पनि विकास सम्भव भएको साथै अफ्रिकाको मध्यगर्मीमा हिउँ बन्न सक्ने, हिमालको चुचुरोमा आगो बाल्न सकिने सम्भावनातर्फ सङ्केत गरेकी छ । स्थानीय मानिसमा मनोविज्ञान, अध्यात्मवाद, भौतिकवाद, अर्थशास्त्र वा सबै बुझ्न र बुझाउन सक्ने सक्षमता रहेको नेपालीमा नभएको कुरा जर्मनीमा पनि नरहेको विचार यहाँ प्रकट गरिएको छ ।

प्रस्तुत नाटकमा प्रमिलापुरी राज्यमा भौतिक विकासका साथै चिकित्साविकास भएको पनि देखिन्छ । छायाँले बालकृष्ण रोगीजस्तो पहेँलो देखिएकाले आफ्नै राज्यमा उत्पादित मोतीको पचका लिन अनुरोध गरेकोबाट यस कुराको पुष्टि हुन्छ । यसका साथै प्रमिलापुरीमा जलप्रवाह भएकाले नाल निकासको बन्दोबस्त राम्रो भएको कुरा पनि भाले बताएकी छ । यसरी गुफामार्फत पुगिएको प्रमिलापुरी राज्यको सडक, कृषि, चिकित्सा, शिक्षा, वैज्ञानिक आविष्कार भएको देखिन्छ जुन आधुनिक विकाससँग सम्बन्धित छ ।

काठमाडौँको चोभारमा झँक्रिनी बुढी भनी बोक्सी नाम दिएर दुव्यर्वहार गरेकी महिलाको साथमा बालकृष्ण गुफाभित्र जाने र त्यहाँ वाष्पयान चढी प्रमिलापुरी राज्य पुग्ने घटनासँगै प्रस्तुत नाटकमा स्वैरकल्पनाको प्रकटीकरण पाइन्छ । नाटकमा स्वैरकल्पनाको प्रयोग गरी प्रमिलापुरी राज्यको आधुनिक विकास, कला, साहित्यमा समुन्नति, समानता, देख्न सकिन्छ भने पुरुषमा बीज रहेको पुरुषत्व र नारी हिंसाको उपचार गर्ने पद्धति निकै अचम्मको देखिन्छ । बालकृष्ण काठमाडौँको कवि भएकाले प्रमिलापुरी राज्यका बारेमा लेखिदिन अनुरोध गर्दै त्यहाँ पनि साहित्यिक पाठ गरिन्छ । त्यहाँ नेपाली कारखानामा उत्पादन गरिएको सामग्रीको प्रयोग गरिएको साथै नेपाली कला संस्कृतिलाई सजाइएको पाइन्छ । चोभारको गुफाबाट पसेर सुन्दर राज्यमा पुगेका बालकृष्ण त्यस राज्यको संस्कृति, विकास, समानता देखेर आश्चर्यमा परेका छन् । नाटकमा आतिथ्य सत्कार गर्ने, फुर्सदको समयमा हिमालयमा चिप्लेटी खेल्न जाने तथा अत्याधुनिक वस्तुको निर्माण स्थानीपय मानिसबाट नै भएकोजस्ता स्वैरकल्पनाको प्रयोग गरिएको छ । भाव परिवर्तन विधिबारे अनौठो विचार नाटकमा प्रकट गरिएको छ । गुफाको बाटो हुँदै गएको बालकृष्ण त्यस राज्यको विनाशपछि युद्धबाट बच्दै चोभारमा निस्कन्छ । ऊ आउँदा अधबैँसे गुफानेरै बसेको हुन्छ । बालकृष्णले आजसम्म तिमी यतै छौ भन्दा आफू बसेको र बालकृष्ण गुफाभित्र गएको जम्मा दुई घण्टा भएको बताउँछ । यसरी प्रस्तुत नाटकमा प्रमिलापुरी राज्यको समुन्नत विकास र त्यस त्यस राज्यमा स्थापना भएको नौलो सभ्यतालाई स्वैरकल्पनामूलक कथावस्तुका माध्यमबाट प्रकट गरिएको छ ।

**निष्कर्ष**

प्रस्तुत नाटकमा काठमाडौँको नजिकै प्रमिलापुरी सुन्दर राज्यको कल्पना गरी त्यस राज्यको सञ्चालन नारीबाट भएको देखाइएको छ । प्रमिलापुरी राज्य उच्च आधुनिक हुनु, वैज्ञानिक विकासका साथै कला संस्कृति र चिकित्साका क्षेत्रमा पनि सो राज्य समुन्नत हुनु, हिमालदेखि कारखानासम्म हिडडुल गर्नु र स्थानीय मानिसको सिप प्रयोग गर्नुजस्ता आत्मनिर्भरसम्बन्धी स्वैरकल्पना पनि नाटकमा प्रस्तुत छ । नारी वा पुरुषत्वको अतिवादले विध्वंश निम्त्याउँछ भन्ने विचारलाई आत्मसात् गर्दै काम, क्रोध, लोभ, मोहको भाव परिवर्ततसम्बन्धी स्वैरकल्पनालाई नाटकमा जोड दिइएको छ । पितृसत्तात्मक विचारधाराबाट ग्रसित पुरुषले आफ्नो हैकम र प्रभुत्व कायम रहोस् भन्ने मनोविज्ञानका कारण समुन्नत राज्य नै ध्वस्त बनाउनुजस्ता स्वैरकल्पनाका माध्यमबाट वर्तमान समाजको यथार्थ र मनोप्रवृत्तिलाई देखाउन खोजिएको छ । यस नाटकमा नारीपुरुष सहअस्तित्वबाट सुन्दर राज्यको निर्माण हुन सक्छ तर अतिवादले समुन्नत समाज पनि ध्वस्त हुन सक्छ भन्ने विचारलाई भाव परिवर्तन र त्यसका विरुद्धमा भएको युद्धले ल्याएको विनाशसम्बन्धी स्वैरकल्पनामार्फत प्रस्तुत गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची


बोर्मन, अर्नेस्ट जी./ Bormann, Ernest G (2001). *The Force of Fantasy Restoring the American Dream*. Southern Illinois University Press.

ज्याक्सन, रोजमेरी / Jackson, R. (2009). *Fantasy: The literature of subversion*. Routledge.

तोदोरोब, ज्वेतान/Todorov, T. (1973). *The fantastic: A structural approach to a literary genre* (R. Howard, Trans.). Cornell University Press.

मानलोभ, कोलिन/ Manlove. CN (1999). *The Fantasy Literature of England*. Pargrave Macmillan.

सम, बालकृष्ण (२०६४. *स्वास्नीमान्छे* (चौथो संस्क.). साझा प्रकाशन ।